# प्रदेश सभा

# गण्डकी प्रदेश

# नवौं अधिवेशन

(तेस्रो बैठक)

मिति २०७८/१२/०७ गते, सोमवार, दिनको १.०० बजे

प्रदेश सभाको नवौ अधिवेशनको तेश्रो बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १.१४ बजे प्रारम्भ भयो।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, सर्वप्रथम, शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य श्री आशा कोइराला तनहुँ।

### माननीय आशा कोइराला

माननीय सभामुख महोदय, धेरै पहिलादेखि मैले ध्यानाकर्षण गराउँदै आएको विषय हो। पृथ्वी राजमार्गको दुलेगौडा कोत्रे खण्ड, अस्ति मुख्यमन्त्रीज्यूको विशेष सम्बोधनमा पनि मैले सुनें। पोखराको पृथ्वीचोकबाट सडक बिस्तार गर्नको लागि अनुरोध गरिएको कुरा। म के आग्रह गर्न चाहन्छु भने पटक पटक प्रदेश सभामा मैले यो कुरा राख्दै गरें तर अहिले सम्म पनि ध्यानाकर्षण भएन। हुन त यो सडक विभागको काम हो। संघ सरकारको काम हो तैपनि

प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण होस्। त्यो बाटो अत्यन्त जीर्ण छ। मर्मत गर्नको लागि सम्बन्धित निकायमा प्रदेश सरकारले गम्भीर रुपमा ध्यानआकर्षण गराओस् धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री विकास लम्साल पर्वत।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, पर्वत जिल्लाको फलेवास नगरपालिका वडा नं-३ नुहारा भन्ने ठाउँमा घिमिरे बहुमुखी कृषि तथा पशुपन्छी फर्ममा ठूलो संख्यामा कुखुराहरु, लेयर्स कुखुराहरु अन्डा पार्ने बेलामा अन्डा फर्किएर कुखुराहरु मरेका छन्। एउटा किसानको ठूलो क्षति भएको छ। यो एउटा अनौठो रोग चाहि त्यहाँ देखिएको छ। यसलाई तुरुन्तै म माननीय सभामुख मार्फत् सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु। छिटो भन्दा छिटो एउटा प्राविधिक टोली त्यहाँ पठाएर त्यो के कारणले त्यस्तो भएको छ  र त्यसको तुरुन्त अनुगमन गरेर सम्बन्धित किसानले क्षतिपूर्ति प्राप्त गर्न सकोस्। एउटा व्यवसायी अहिले यस्तो आर्थिक मन्दी आएको बेलामा ऋण गरेर गरेको एउटा व्यवसाय तहसनहस भएको छ। अहिले पन्ध्र लाख भन्दा बढी क्षति भएको भनेर किसान हार गुहार गर्दै जिल्ला पशु सेवा कार्यालयमा यहाँ ल्यावमा ल्याएर कुखुराको परीक्षण गरेर हिंड्नुभएको छ। उहाँले गुहार पाउनुभएको छैन। म गम्भीर रुपमा सभामुख मार्फत् सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु। छिटो भन्दा छिटो त्यो किसानले मर्काबाट मुक्त होस् र त्यो चाहि के रोग हो त्यो पत्ता लागेर अरु किसानले त्यो मारमा पर्न नपरोस् म यही कुरा माग गर्न चाहन्छु धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी. ।

**माननीय विनोद के.सी.**

माननीय सभामुख महोदय, मैले यो सदनमा सम्मानित सदनमा धेरै चोटि यो विषय उठाएको छु। आज पनि बाध्य भएर यो विषय उठाउँदैछु। २०७५ को जो यो प्रदेश सरकारको कार्यक्रममा म्याग्दीको बेनी नगरपालिका वडा नं. ४ मा आँखेबगर जो पुल भनेर पहिलो सरकारले २०७५ को बजेट विनियोजित गरेको चाहि थियो। दोश्रो वर्षमा फेरि विनियोजन गऱ्यो ५० लाख ७५ लाख गरी दुई दुई चोटि बजेट विनियोजन गऱ्यो र ३ वर्ष हुँदा पनि त्यो बजेट कहाँ गयो र त्यो ठाउँमा एउटा पुलको लागि न डिपिआर बनेको छ न सम्बन्धित नियायले जवाफ दिन सक्छ न सम्बन्धित कार्यालयले जवाफ दिन सक्छ जसको लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराएँ। त्यो खालको त्यो बजेट कहाँ गयो र किन यो काम अगाडि बढ्न सकेन त्यसका लागि उचित सम्बोधन होस्, धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य श्री नरदेवी पुन, समय ७ मिनेट ।

**माननीय नरदेवी पुन**

माननीय सभामुखज्यू, यो सरकार बनेको ८ महिना पूरा भइ ९ महिनामा लागेको छ। यसले गरेका कामहरुको सवालमा आफ्ना विचार राखी सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। म्याग्दी जिल्ला अस्पताल सम्बन्धमाः म्याग्दी अस्पतालमा एक्सरे मेसिन र एक्सरे प्रिन्टर चटयाङ्गले ध्वस्त बनाएको करिव ४ महिना पुगिसकेको छ। एक्सरे मेसिन र एक्सरे प्रिन्टर खरिद गर्न बजेटको व्यवस्था गर्न अस्पतालबाट पटक पटक प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरिएको छ तर ती सामग्री खरिद गर्नको लागि बजेटको

तुरुन्त व्यवस्था गर्नुको साटो प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय चीर निन्द्रामा मस्त निदाइरहेको छ र यसलाई पुरै वेवास्ता गरेको छ। यी सामग्रीहरुको अभावमा अस्पतालमा स्वास्थ्य सेवा दिन नसकिने कुरा सर्वविदितै होला। अघिल्लो अस्पताल व्यवस्थापन समितिको अवधि सकिएको र पछिल्लो अस्पताल व्यवस्थापन समिति गठन भइनसकेको अवस्थामा अस्पतालले यी सामग्री खरिद गर्न नसक्ने भएकोले म्याग्दी जिल्ला अस्पतालबाट सेवा लिने आम सर्वसाधारण नागरिकहरु अप्ठ्यारोमा परेका छन्। हाल नयाँ समिति बनेपछि मात्रै सामग्री खरिदको निम्ति प्रकृया अघि बढेको जानकारी प्राप्त भएको छ। हाल अस्पतालमा डाक्टरहरुको संख्या जम्मा ४ जना रहेको जानकारी छ। ४ जना मात्रै डाक्टरले एउटा जिल्ला अस्पतालमा जनताहरुलाई आवश्यक परेको बेला कसरी स्वास्थ्य सेवा प्रवाह गर्न सक्लान्? सरकार, म यहाँहरुसँग प्रश्न गर्न चाहन्छु। अस्पतालमा सेवा विस्तार गर्ने गरी विशिष्टिकृत सेवा दिनुपर्ने हो तर अघिल्लो सरकारले सुरु गरेका सेवाहरु बजेट र जनशक्तिको अभावमा अस्पतालको सेवा अवरुद्ध भएको छ त्यसैले सभामुखज्यू मार्फत् प्रदेश सरकार र सम्बन्धित मन्त्रालयलाई तुरुन्तै बजेट र जनशक्तिको व्यवस्था गर्न जोडदार माग गर्दछु।

जनशक्ति व्यवस्थापन सम्बन्धमाः सभामुखज्यू, कोरोनाको महामारीमा अघिल्लो सरकारले ४४४ जना स्वास्थ्य जनशक्तिलाई नियुक्ति गरेको थियो। जनशक्ति नियुक्ति गर्दा राजनैतिक विचार भन्दा पनि दक्षताको आधारमा छनौट गरेमा मात्र जनताहरुले राम्रो स्वास्थ्य सेवा प्राप्त गर्न सक्छन् । यही मान्यता अनुसार हामीले जनशक्ति नियुक्ति गरेका थियौं तर हालको सरकारले अघिल्लो सरकारले नियुक्ति गरेको जनशक्तिलाई एमालेको नजरले हेऱ्यो र नियुक्ति बदर गऱ्यो। हामीले नियुक्ति गरेका जनशक्ति कुन कुन पार्टीमा आस्था राख्ने हुन् त्यसको सर्वेक्षण गर्न चुनौती दिन्छु। यो सरकारले फेरि स्वास्थ्य जनशक्तिको निम्ति सूचना गरी छनौट गऱ्यो र नामावली पनि प्रकाशन गऱ्यो तर भागबन्डा नपुगेको हुँदा नियुक्ति केही समयका लागि थाती रह्यो र पछि बाध्य भएर नियुक्ति दियो। यो सरकारको लागि लाजमर्दो विषय हो कि होइन ? त्यसैले सभामुखज्यू मार्फत् प्रदेश सरकारबाट सञ्चालित १२ वटा

अस्पतालहरुमा  तुरुन्त दक्ष जनशक्ति र आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरी आधारभूत स्वास्थ्य सेवा मात्र नभई सधन उपचार कक्ष  सञ्चालन गर्न सरकार समक्ष माग गर्दछु।

जोखिम भत्ता सम्बन्धमाः अघिल्लो सरकारले कोरोनाको महामारीमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, नर्सहरु, प्रयोगशालाकर्मीहरुलाई जोखिम भत्ताको व्यवस्था गरेको थियो तर हालको सरकार गठन भएपछि जोखिम भत्ता नपाएको जानकारी छ। कोरोनाको महामारीमा जीवनलाई हत्केलामा राखेर  कोरोनाको बिरामीहरुलाई उपचारमा संलग्नहरुलाई कोरोनाको बिरामीको उपचार गर्दाको बखत सम्म जोखिम भत्ताको तुरुन्तै व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्दछु। सरकारको योजना अनुसार काम गरी परिणाम दिने स्वास्थ्यकर्मीहरुको तलब पनि २/३ महिनादेखि रोकिएको जानकारी छ। आफ्ना काम गर्ने सरकारको कर्मचारीको तलब समयमा दिन नसक्ने सरकारले जनताको सेवामा कति जुटेको होला सहजै अनुमान लगाउन सकिन्छ त्यसैले रोकिएको तलब तुरुन्त निकासा पठाउन सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछु।

गण्डकी प्रदेश सरकारबाट प्रदान गरिने पुरस्कार गण्डकी प्रदेश सरकारले फागुन ४ लाई स्थापना दिवस मनाउने प्रचलन अनुसार यस पटक पनि स्थापना दिवस मनाउने काम भएको छ तर देशमा कैयौं हाम्रा राष्ट्रसेवक कर्मचारीहरुलाई छनौट गरेर राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार दिने प्रचलन पनि छ तर यस पटक कोरोनाको महामारीमा फ्रन्ट लाइनमा अहोरात्र खटेर बिरामीको सेवा गर्ने नर्सहरु पुरस्कृत हुन सरकारको नजरबाट ओझेलमा परेका छन्। शायद कामको राम्रो मूल्याङ्कन भएको भए देशमा कोरोना महामारीको बेलामा पनि कतै आशा र गुनासा नगरिकन बिरामीको सेवामा संलग्न नर्सहरु चाकडी गर्नमा कमजोर भए कि सरकारको नजरमा उनीहरुलाई पुरस्कृत गर्न आवश्यक ठानिएन । त्यसैले दुवै विकल्प हुन सक्छन्, त्यसैले साँचो अर्थमा आफ्नो कर्मक्षेत्रमा खट्ने नर्सहरुलाई छुटाउनै नहुने थियो। उनीहरुलाई सम्बोधन गर्न प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। आम नागरिकहरुले राम्रो स्वास्थ्य सेवा प्राप्त गर्न स्वास्थ्य सामग्री भएर मात्र पुग्दैन, राम्रो भवन मात्र भएर पुग्दैन

उत्साहित जनशक्ति इच्छाशक्ति भएको हामीसँग जनशक्ति हुन जरुरी छ त्यसैले हाम्रो जनशक्तिलाई उत्साहित बनाउनको निम्ति सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु। तपाईहरुले देख्नुभएको छ म्याग्दी जिल्ला अस्पतालको नाटक मञ्चन तपाईहरुले हेर्नुभएको छ। यो सरकारले यदि डाक्टरले काम गरेको होइन भने डाक्टरलाई कारवाही गर्न पर्‍यो। यदि डाक्टरले काम गर्दा गर्दै त्यहाँ त्यस्ता खालका घटनाहरु घटेको हो भने घटना घटाउने माथि सरकारले अविलम्ब कारवाहीको दायरामा ल्याउन जरुरी छ तर आज यो सरकार नतमस्तक भएर हिँडिरहेको कुरा म यहाँ राख्न चाहन्छु। गण्डकी विश्वविद्यालय प्रदेशकै गौरवको शिक्षण अस्पताल सञ्चालन गर्ने गरी यसलाई प्रकृया अगाडि बढाउनुपर्ने थियो तर प्रदेश सरकार यस कुरामा किन ढिलासुस्ती भइरहेको छ त्यसैले यसमा म दुखी छु। यस सन्दर्भमा सम्बन्धित निकायको यसलाई छिटो गर्नको निम्ति यो प्रकृयालाई छिटो अगाडि बढाउनको निम्ति म प्रदेश सरकार समक्ष माननीय सभामुख मार्फत् ध्यानाकर्षण गराउन चाहन्छु, धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहिं समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब म, माननीय उर्जा जलस्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई “गण्डकी प्रदेशको सिंचाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले जलश्रोतको दिगो उपयोगबाट सिंचाई योग्य जमिनमा बर्षैभरि भरपर्दो, पहुँचयोग्य र जनसहभागितामुलक सिंचाइ सुविधाको विकास र विस्तार गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न एवम् सिंचाइ प्रणालीको निर्माण, मर्मत-सम्भार, सञ्चालन र व्यवस्थापन गर्न तथा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न वाञ्छनीय

भएकोले **"गण्डकी प्रदेशको सिंचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८"** नेपालको संबिधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु, धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई "गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विन्दु कुमार थापा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधान बमोजिम गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा त्यस्ता इकाईहरु बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधान गर्न वाञ्छनीय भएकोले **"गण्डकी प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको बिधेयक"** नेपालको संबिधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।

मितिः- २०७८/१२/०७

विन्दु कुमार थापा कानून, सञ्चार तथा
प्रदेश सभा मामिला मन्त्री धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई विधायन समितिको प्रतिवेदन सहित "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ भाद्र २९ गते प्रस्तुत भई सोही मितिमा बिधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित **"गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २(क) बमोजिम समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

मेखलाल श्रेष्ठ

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री

मितिः- २०७८/१२/०७

**माननीय सभामुख**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब बिधायन समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" माथिको दफावार छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।
सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकमा आज यो दफावार छलफलमा सहभागी हुन आएका छौं। मैले बडो गहिरिएर यो विधेयकलाई हेर्ने मौका पाएँ। यो हाम्रो संविधानमा धारा ३९ मा यो बालबालिकाको अधिकार सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ र त्यसमा उपधारा १० मा यो विधेयकलाई संविधान सभा मै संविधान बनाउने बेलामा धेरै बालबालिकाको अधिकारलाई सुरक्षित गर्नका लागि लेखिएको छ र २०७५ मा फेरि संघीय संसद्ले पनि बालबालिका सम्बन्धी ऐन २०७५ ल्याएको छ। मैले यो कुरा किन जोड्न खोजे भने र यो एउटा हाम्रै सरकार म नै त्यो क्वाविनेटमा हुँदाखेरि यो चाहि विधेयक ड्राफ्ट भएको हो र अहिले यो संसदमा समितिमा गएर आज हामी दफादार छलफलमा छौं र समितिले एउटा

रिपोर्ट दिएको छ । मलाई अहिलेको सरकारमा पनि क्याविनेटमा तत्कालिन महिला तथा बालबालिका मन्त्री पनि हुनुहुन्छ। अब यो विधेयक आएको छ । अब मैले कसैप्रति लक्षित गरेर कुरा उठाउन खोजेको होइन तर हामीले यो विधेयक कस्तो बनाउन खोजेका छौं। आज विधेयक संसदबाट पास भएर बाहिर आइसकेपछि हामीले घोडा बनाउन खोजेको कुरा उँट बनाउन खोजेको हो कि अब यसमा सम्बन्धित क्याविनेट मन्त्रीज्यूहरु सिरियस नहुनुभएको हो कि, मन्त्री सिरियस नहुनुभएको हो कि। विधेयक सरकारले बनाउँछ र संसदमा पेश हुन्छ। क्याविनेटमा पनि त्यसको भित्र छलफल हुन्छ र समितिमा यति धेरै चाहि दफावार छलफलमा चेन्ज गरिएको छ। अब कि सम्बन्धित मन्त्रीले समितिमा आएर कन्भिन्स गर्नु सक्नुभएन । मन्त्री नै सर्वोपरि हुँदैन। मन्त्रीले सबै कुरा जान्ने होइन तर विधेयक ड्राफ्ट हुँदा कुन मर्मका साथ विधेयक ल्याइएको छ । संविधानमा पनि धेरै कुरा प्रष्ट लेखिएको छ अनि त्यसपछि संघीय कानूनमा पनि धेरै कुरा प्रष्ट रुपमा छन् र प्रदेशमा हामीले त्यो कानून किन बनाउन खोज्यौं भने यसको अहिले जे समस्या छन् त्यो प्रदेशभित्र प्रभावकारी बनाउनलाई यो ऐन ल्याउँदै छौं। यो विधेयक ल्याउँदै छौं र यसलाई ऐन बनाउँदै छौं तर आज समितिमा आउँदाखेरि गठन हुँदाखेरि मैले दफाबार छलफलमा तपाई जानुभयो भने मैले सम्बन्धित समितिका सांसदहरुसँग पनि मैले छलफल गरें। के हिसाबले तपाईहरुले चेन्ज गर्न खोज्नुभएको हो ? म उदाहरणको लागि प्रत्येक दफामा समस्या छ म एउटा मात्रै माननीय सभामुख मार्फत् सबै  माननीय सांसद यो संसदको ध्यान आकृष्ट गर्न चाहन्छु । धारा ४७ मा अब यो विधेयकमा प्रष्टसँग लेखिएको छ यस्तो प्रत्येकमा छ। यसमा अलिकति कानून बनाउने कुरा उस्तै उस्तै लाग्यो भनेर यसलाई अलिकति चेन्ज गर्दियौं न भनेर गर्ने विषय होइन। कानून बनाउँदाखेरि हामी धेरै उस्तै लागे पनि त्यो आवश्यकताले बन्ने कुरा हो। विधेयकको यो दफा ४७ मा उपधारा ३ को प्रतिवद्धात्मक वाक्यको अन्त्यमा रहेको यो गराउनुपर्नेछ भन्ने वाक्यासंको सट्टा गराउनुपर्ने छैन । अब यो के  एउटा भनेर सरकारले लिएर आएको छ अनि समितिमा गएर त्यो ठ्याक्कै उल्टो हुने गरेर  गर्दाखेरि के मर्मले त्यो चेन्ज गर्नुभयो ? यहाँबाट त त्यो एउटा समितिमा माननीय सदस्यले लाग्न सक्छ माननीय

सदस्यहरुको त्यो समितिमा छलफल गर्ने त्यो हक हो। सरकारले त्यति पनि नबुझिकन विधेयक कन्भिन्स गरेर ल्याउँदाखेरि यो के बनाउन खोजेको के बन्ने हिसावले यो विधेयक अलि कमजोर बन्छ कि। मैले त्यसमा के छ भने तपाईले प्रष्ट पढ्नुभयो भने कुनै घरमा बच्चाको हिंसा भयो बाउबाट, आमाबाट, दाजुबाट, कसैबाट हिंसा भयो र प्रहरीको बयान ल्याउने बेलामा त्यो सम्बन्धित मान्छेलाई लगेर राख्नुपर्छ भन्नेमा राख्नुपर्दैन भनेर लेख्दा त्यो के हुन्छ त्यसले भन्नोस् त। के अर्थ राख्छ ? मैले यो संसदलाई अलि प्रभावकारी बनाऊँ। हामी संविधान बनाएका सांसदहरु, हामी हिजो सरकार चलाएका मन्त्रीहरु अहिले यो संसदमा यो विधेयक बनेर बाहिर गयो भने यसको अपनत्व त हामीले पनि लिनुपर्ने हुन्छ नि सभामुख महोदय। यो विधेयक आज पास गर्ने हिसावले कार्यसूचीमा मैले देखें। यो अलि सिरियस हुनुहोस्। त्यसलाई हामीले अहिले कतिपय कानूनहरु बनाइसकेपछि पछि बाहिर आइसकेपछि जुन हिसावले संसदको गरिमामाथि कोइसन उठेको छ त्यस्तो नहोस्। यो चाहि अलिकति क्याविनेटमा पनि यसलाई ब्रिफिङ्ग गर्दा केही फरक पर्दैन। आज हामी छलफल गर्‍यौं। म विपक्षको हिसावले होइन । कानून बनाउने कुरा हाम्रो हन्ड्रेड परसेन्ट सहमतिले बन्ने कुरा हो। यसलाई अलि सिरियस बनौं। यसमा मैले तीन वटै किनभने मैले यो विषयमा संविधान सभाभित्र पनि म बसेर छलफल भएको र आज, हिजो मात्रै  हाम्रो प्रमुख सचेतकज्यूले यो विषयमा तपाई बोल्नुपर्‍यो  मैले पहिलोचोटि विधेयकको बारे संसदमा बोल्दैछु। यसलाई अलि गम्भीर बनौं। मन्त्रीज्यूहरु अलि सिरियस बन्दिनुपर्‍यो। मन्त्रीले विधेयकको बारेमा पूर्ण ज्ञान राखेन भने त्यस्ता समस्याहरु आउँछन्। जानिएन भने मन्त्रालयमा विज्ञहरु बोलाएर सोध्न सकिन्छ, छलफल गर्न सकिन्छ । समितिमा पनि सांसदहरुले कुरा उठाउनुभयो भने तत्कालै त्यहाँ जवाफ दिनुपर्दैन तर त्यसको बारेमा बुझेर कुन मर्मले आफैले ल्याएको छ अनि एउटा कुरा उठ्यो भने त्यसलाई फेरि अर्को लेखेर संसदमा आएको छ भने यो भन्दा हलुका यो भन्दा गैर जिम्मेवारी यो भन्दा मन्त्री ता भए चलिहाल्छ नि भन्ने यो मन्त्रीको गरिमालाई कमजोर नबनाऔं। अब मन्त्रीज्यूले यहाँ जवाफ दिनुहोला। मैले हेरें जति ४८ वटा समितिले बुँदाहरुमा चेन्ज गरेर ल्याएको छ। समितिले पनि कुनै न कुनै कुरा समिति बसिसकेपछि

चेन्ज हुन्छ चेन्ज गरौं न भनेर हामीले विधेयकमा यस्तो गर्न लाग्यौं भनेदेखि यो विधेयकहरु कमजोर बन्छन्। यो कुरा म संसद सचिवालयको पनि म गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु। मैले हेरें त्यो छलफलमा सभामुखको पनि उपस्थिति भनेर मैले त्यहाँ हेरें। यो पृष्ठभूमिमा समितिको सभापतिले लेख्नुभएको छ। यसलाई अलि गम्भीर बनौं। त्यसलाई अझ म्याचुएर्ड बनाएर मात्र यो पास गरौं। यस्ता धेरै यति धेरै विधेयक कमजोर लिएर आएर समितिमा चेन्ज हुने कुरा यो मलाई लाग्छ यो पहिलो नै होला। केही कुराहरु हुन्छ  मर्मत गर्न सकिने र अरु पनि मैले अझ कतिपय कुराहरु हाम्रो विधेयक मोटो बनाउनलाई के गरिएको छ भने संघीय संसदको पास गरेको विधेयकका केही कुराहरु अलिअलि चेन्ज गरेर ल्याउन खोजिएको छ। हामी त्यति प्रदेशका विधेयक बनाउँदाखेरि संघमा भएको कुरा नराखि हुँदैन। त्यो विधेयक दुब्लो होला केही फरक पर्दैन तर राख्नैपर्ने कुरा अरु पनि त्यसमा राखिएको छैन। जस्तै यो विधेयकमा के राख्न सकिन्थ्यो भने बालबालिकाको अधिकारको संरक्षण गर्न आम सर्वसाधारणमा जनचेतना नफैलाए सम्म प्रत्येक नागरिकलाई बालबालिकाको अधिकारको विषयमा ज्ञान नदिए सम्म हामीले यो बाल अधिकारलाई सुरक्षित गर्न सक्दैनौं। त्यो कुरा चाहि यसमा समावेश गर्न सकिन्छ। मैले हेरें संघीय कानूनमा पनि ऐनमा पनि त्यो देखिनँ मैले। अब हामीले संविधानमा धेरै कुरा नराख्ने संविधानले त एउटा दिशानिर्देश मात्र गर्ने हो तर अहिले पनि प्रदेशमा हामीले गण्डकी प्रदेशभित्र कुनै पनि बालबालिकालाई हामीले प्रत्येक नागरिकलाई बाल अधिकारको बारेमा हामीले ज्ञान दिन सक्यौं भने हरेक स्कूलमा उदाहरणको लागि हामी स्कूलमा चुकुल लगाउँदाखेरि हाम्रो परम्परा के छ भने चुकुल चाहि सिरानमा राखिन्छ । बच्चाहरुले ट्वाइलेट जान पर्‍यो भने त्यो माथि पुग्न सक्दैनन् नि। त्यो चुकुललाई तल पनि राख्न सक्ने गरे अवार्नेस गराउन सके त्यस्ता कुराहरु पनि हामीले भोलि स्थानीय कानूनमा चाहि स्थानीय तहमा गर्ने हो कि त्यस्ता कुराहरुलाई राख्न सकिन्छ। जस्तै बालबालिकाको शिक्षा सम्बन्धी अब हामीले जहिले सम्म हामीले स्थानीय कोर्षमा अहिले स्थानीय कोर्ष बनाउने अधिकार स्थानीय तहलाई पनि छ। हामीले यो कुरा चाहि अनिवार्य रुपमा हाम्रो कोर्षमा बालबालिकाहरुको अधिकारको बारेमा राख्ने भनेर एउटा शिक्षाको कोर्ष

त अन्यत्रबाट हुन्छ तर पनि हामीले यो विधेयकमा त्यो कुरा राख्न सकिन्छ। यस्ता धेरै कुराहरु र अर्को कुरा के छ भने यो विधेयक बनाउने मात्र ठूलो कुरा होइन। यसको कार्यान्वयन प्रभावकारी हुनपर्‍यो र हाम्रो गण्डकी प्रदेशमा हरेक बच्चाले चाहि राम्रो पोषणयुक्त खान पाउँछ। धेरै बालबालिकाहरु सुरक्षित राखेकोमा त्यहाँ  अलिकति संख्या बढी भएको कुरा धेरै कुराहरु आएका छन्। यी कुराहरु पनि यो विधेयकमा त्यसका लागि बजेटको व्यवस्था गरेर त्यहाँ संख्या भन्दा कम राख्ने यहाँ केही शिविरले पनि काम गरेको पाइयो। विभिन्न संघ संस्थाहरुले गरेको पाइयो। यो विधेयक अति आवश्यक छ, जरुरी छ। यसलाई आज पास गरेर जानु भन्दा पनि एकचोटि फेरि यो मन्त्री क्याविनेटमा पनि मन्त्रीज्यूहरुको विचमा अझ पनि छलफल होस्। संसदभित्र पनि छलफल होस् र यसलाई अझ धेरै यसमा यो जति पनि विषयहरु उठेका छन् ती विषयहरुको हामीले प्रष्ट भएर मात्रै यो विधेयक पास गरेर जाँदाखेरि प्रभावकारी हुन्छ भन्ने मलाई लागेको छ माननीय सभामुख महोदय। यो चाहि समितिले धेरै मेहनत गरेर धेरै छलफल गरेर ल्याउनुभएको छ। यो मन्त्रीज्यूले सम्बन्धित समितिमा गएर प्रष्ट गर्न नसकेको यसमा यो देखिन्छ। यसमा विधेयक ड्राफ्ट गर्ने बेलामा विज्ञहरुले विधेयक ड्राफ्ट गर्छन्। मन्त्रीपरिषदभित्र आउँछ। त्यहाँभित्र पनि छलफल हुन्छ। त्यसपछि यहाँ आउँछ। हामीले धेरै छलफल गर्‍यौं। दफाबार छलफलमा यति धेरै चेन्ज गर्दाखेरि बनाउन खोजेको घोडा प्रभावकारी हिसावले दिन खोजेको  बन्न खोजेको उँट यो विधेयक नबनोस्। अब यो  पछि जवाफमा पनि धेरै कुरा आउँलान्। मैले यति कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्न चाहन्छु धन्यबाद।

**माननीय सभामुख**

अब माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलको क्रममा छौं र यस सम्बन्धमा म पनि विधायन समितिको एउटा सदस्य र यो विधेयकले धेरै समय लगाएर हामीले बालबालिका सम्बन्धी चासो राख्ने यस सम्बन्धी विज्ञहरुसँग धेरै छलफल गऱ्यौं। हामीले बालबालिकासँग पनि छलफल गऱ्यौं । यस सम्बन्धी धेरै अधिकारकर्मीहरुसँग हामीले ठाउँठाउँमा छलफल गऱ्यौं। शायद म विधायन समितिमा रहँदै गर्दा यो विधेयकमा पनि हामी धेरै बृहत छलफल गऱ्यौं हामीले टाइम लगायर र मैले यति छलफल गऱ्यौं पक्कै पनि निखारिएर आएको छ भनेर मैले अध्ययन गरिनँ मैले आज आउँदै गर्दा अहिले बोल्दै गर्दा। पूर्वबक्ता माननीयज्यूले पूर्व मन्त्रीज्यूले कुरा उठाउनुभयो मलाई लाग्छ अलि नियालेर हेर्दै गर्दा पढ्नुभयो  भने बौद्धिक हुनुहुन्छ, धेरै अनुभवी हुनुहुन्छ पक्कै पनि गल्ती छैन जस्तो लाग्छ मलाई। त्यहाँ चाहि आफ्नै अभिभावक र आफ्नै संरक्षकद्वारा गल्ती भएको छ भने, हिंसा भएको छ भने त्यो आवश्यक छैन छ  भने जस्तो लाग्छ मलाई। त्यो भएको कारणले मैले यो भन्न चाहें र धेरै कुरा नियमावलीमा पनि पछि  मिलाउन मिल्ला। दफावार छलफलको क्रममा छौं। राम्राको लागि छलफल गर्ने हो। राम्राको लागि कुरा गर्दै गर्दा राम्रो बनाउन त हामी छुट्नुभएन त्यसकारणले गर्दा । हुन त एउटा चित्रकारले एउटा राम्रो चित्र बनाउँन खोज्छ, तर उसले बनाइसक्दा ऊ आफै पनि सन्तुष्ट हुँदैन। हामी पनि आफ्नो कामबाट त्यही हो तर पनि भरसक विधायन समितिले विज्ञहरु, अधिकारकर्मीहरु सबै राखेर बृहत छलफलका साथ ल्याएको विधेयक हो। राम्रो छ भन्ने हामीलाई लाग्छ तर पनि अझै ठाउँ छ, समय छ। अझै ठाउँ छ भने मिलाएर लाने हो किनभने हरेक कुरालाई गम्भीर

रुपमा हेर्नुपर्छ। हामी गण्डकी प्रदेशमा छौं। हामीले अस्ति एउटा छलफलमा बस्दै गर्दा माधव पौडेलको क्लास सुनेका थियौं। उहाँले माथि संघमा १२१ वटा विधेयक पास हुँदाखेरि १०५ वटा संशोधन भएको कुरा गर्नुभएको थियो र हामी त झन् संस्थापक पहिलो मा छौं त्यसो भएको हुनाले भरसक राम्रो गरौं भन्ने आफ्नो भनाइ राख्दै हाम्रो दलको तर्फबाट यो विधेयक राम्रो छ र राम्रो बनाऔं भन्ने भनाइका आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु धन्यबाद, जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु, त्यसपछि माननीय सदस्य इन्द्रधारा डादु विष्ट।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, आज गण्डकी प्रदेश सरकारको हाम्रो सामाजिक विकास मन्त्रालयले गण्डकी प्रदेशको बालबालिकाको अधिकार सम्बन्धी विधेयक पेश गरेको छ। यहाँ दफावार छलफलका लागि यहाँ उपस्थित छौं। सरसर्ती हेर्दा ४९ वटा बुँदामा यसले आफ्ना ऐनहरु, नियमहरु, कानूनहरु बनाएको छ। सबै सरसर्ती हेर्दा मन्त्रालयको टिम मन्त्रीज्यू लगायत सम्पूर्णले धेरै मिहिनेत गर्नुभएको र धेरै अध्ययनका साथ यो विधेयक यहाँ आएको मैले महसुस गरेको छु। यसमा विभिन्न कुराहरुमा विभिन्न चिजहरुमा धेरै ठाउँबाट यसले बालबालिकाको जोखिमका कुराहरुदेखि लिएर बालबालिकाका अधिकारका कुरादेखि लिएर

हरेक क्षेत्रमा यसले गरेको देखिन्छ। त्यसमा चाहि यो ऐन एकदम धेरै महत्त्वपूर्ण छ र यतिमात्र हो कि यो ऐन महत्त्वपूर्णलाई राम्रोसँग कार्यान्वयन गर्ने ठूलो सबाल हामीसँग छ। यसलाई पक्कै पनि यहाँबाट हामी पास भयो भने राम्रोसँग कार्यान्वयन हुनेनैछ भन्ने मैले विश्वास लिएको छु। यसमा थोरै कुनै कुनै विषयमा मैले सुझावको रुपमा राख्नुपर्ने यो दफा ४ को (३) को यो जवरजस्ती करणी सम्बन्धी कानून बन्ने सजाय हुने हाडनाता करणीमा जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गर्ने भन्ने छ। कतिपय कुराहरु हामीले समाजमा हाम्रो प्रशासनहरुमा धेरै कुराहरु हामीले देख्दा अप्ठ्याराहरु कही कतै यो वैदेशिक नागरिकहरु पनि आएर जो बाल बच्चाहरुको बुवा बन्ने र उसले कुनै आफ्नो ठेगाना पनि नदिइकन बाहिरको स्थिति बालबालिकाहरुको विषयमा धेरै समस्याहरु आएको हामीले जिल्ला प्रशासनहरुमा हामीहरुमा आएको कारणले ती समस्याहरु त्यो पनि यो विषयमा समावेश गर्दा अझै राम्रो हुन्थ्यो कि मैले सुझावको रुपमा राख्न चाहैं र त्यसै सम्बन्धी पूर्ववक्ता माननीयज्यूहरुको यो ४७ को (३) मा एउटा यो जुन संरक्षण तथा स्वास्थ्य परीक्षण गर्नुपर्ने जुन बालबालिका सम्बन्धी एउटा छ। बालबालिकाको विरुद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहारको सूचना उजुरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखाइ दर्ता गरी बालबालिकाको उद्धार गर्नुपर्ने र तुरुन्त उद्धार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षणमा पठाउनुपर्ने भन्दै बनाएको छ। (२) मा प्रहरीले पीडित बालबालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखिएमा तत्काल उपचारका लागि निजको स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण गराउनुपर्ने छ र ३ मा प्रहरी कर्मचारीले पीडित

बालबालिकालाई बयान लिँदा बालबालिकाको बुवा, आमा, परिवारका अन्य संरक्षक उपस्थित हुन सक्ने भएसम्म उनीहरुको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संघ संस्था महिला प्रतिनिधिको उपस्थितिमा बयान लिनुपर्ने  भन्ने छ। त्यसमा फेरि तर भनेर एउटा फेरि अर्को राखिएको छ । कही कतै यसले बुवा, आमा, संरक्षक, परिवार र अन्य सदस्यले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यबहार गरेकोमा बयान लिदा भने उनीहरुलाई उपस्थिति गराउन पर्ने छैन भन्ने जुन खालको बनाइएको छ । यसमा मलाई लाग्छ कही कतै बालबालिकाहरु कहीं कतै आफ्नो अभिभावकबाट पनि पीडित हुन सक्छ। अभिभावकबाट पनि केही चाहि उनीहरका शोषण भएको हुन सक्छ। त्यो अभिभावकलाई स्वयं त्यहाँ अगाडि राखेर बयान लिँदा त्यो बाल बच्चाहरुको मनोविज्ञानमा असर पर्ने उसले आफ्नो कुराहरु त्यहाँ बयानमा दिन नसक्ने भएको हुनाले उनीहरुलाई अनिवार्य उपस्थिति नगराउँदा झन् त्यो राम्रो हुनेछ भन्ने आशयका साथ आएको हो जस्तो मलाई लाग्छ र यो आशय धेरै राम्रो छ। हाम्रो समाजमा धेरै प्रकृतिका यस्ता घटनाहरु घटेका छन्। मलाई लाग्छ माननीयज्यूहरुले यो अध्ययन गरेर तल्लो बुँदालाई अलि बढी मिहिनेत गर्न भ्याउनुभएन अथवा विचार पुगेन। म यसलाई फेरि अलि सरसर्ती पछिल्लो पटक हेर्दाखेरि यो बुँदा अति नै संवेदनशील बुँदा छ र यसले बालबच्चाको हितकै  लागि यो गरेको छ भन्ने मैले लिएको छु र अन्त्यमा जुन जे जति यो ४९ वटा बुँदाहरुमा मन्त्रीज्यू मन्त्रालयले यो विधेयक अगाडि सारेको छ यो विधेयकले पक्कै पनि हाम्रो गण्डकी प्रदेशमा रहेका बालबालिकाका विभिन्न खालका अधिकार उनीहरुको अप्ठ्यारो अवस्था सबैलाई यो गण्डकी प्रदेशमा हुने बालबालिकाका हरेक

अप्ठ्याराहरुका विषयमा गण्डकी प्रदेश सँगसँगै जाने एउटा बातावरण बन्नेछ र बालबालिकाका हरेक उनीहरुका अधिकारहरु अथवा उनीहरुको अवस्थाहरु राम्रो बन्न सहयोग पुग्नेछ भन्दै म लगायत मेरो दल नेकपा माओवादी केन्द्रले यो विधेयकप्रति समर्थन रहेको जानकारी गराउँदै यो भनाइ अन्त्य गर्दछु, धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्य **श्री इन्द्रधारा डादु विष्टलाई** छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय इन्द्रधारा डादु विष्ट**

सभामुखज्यू, आज हामी गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गर्न म मेरो दलको तर्फबाट सहभागी भइरहेको छु। सभामुखज्यू, मैले यो विधेयकको प्रस्तावनादेखि परिच्छेद झन्डै झन्डै ९ वटा, ५० वटा दफाहरु र १६५ देखि ७० जतिको उपदफाहरु अध्ययन गर्दा यो विधेयक पारित भए ऐन जब यो प्रदेशमा लागू हुन्छ, मलाई लाग्छ हाम्रो गण्डकी प्रदेशका बालबालिकाहरुको हक अधिकारमा यो ऐन कानून धेरै प्रभावकारी र सहयोग गर्छ भन्नेमा म विश्वस्त छु। सभामुखज्यू, किन विश्वस्त छु भने यो विधेयकको बुँदा बुँदामा झन्डै एक डेढ वर्ष अघि तयार भएको सुगन्ध महसुस हुन्छ। शब्द शब्दमा सफल र प्रभावकारी नेतृत्वले निर्माण गरेको हो भन्ने महसुस हुन्छ र थियो पनि। न त मिसावट नै देख्छु न त बुँदा र शब्दहरुमा बाँडफाँड नै देख्छु। मलाई लाग्छ निदाएकोबाट होइन बिउँझिएकोले तयार पारेको हुनपर्छ। सभामुखज्यू,

हाम्रो प्रदेशको सर्वोच्च र सम्मानित केन्द्र भनेको प्रदेश सभा हो भन्ने कुरा हामी दुई मत छैनौं त्यसैले प्रदेशको हरेक समस्याको समाधान यहाँ खोजिनुपर्छ। प्रदेशको सबै विषयवस्तुहरुमा यहाँ बहस हुनुपर्छ र प्रदेशबासीलाई सहज वातावरण निर्माण गर्न आवश्यक कानूनहरु फटाफट निर्माण हुनुपर्छ तर दुःख लाग्छ यो गठबन्धन सरकार आए पश्चात महिनामा एक चोटि सदन सुचारु गर्न किन गाह्रो ? सभामुखज्यू, हाम्रो प्रदेशबासीले हामी माननीयज्यूहरुलाई बसी बसी घरभाडा, तलब भत्ता खानुहोस् भनेर पठाएको पक्का पनि होइन होला। कानून निर्माणको प्रमुख व्यक्तित्व नै काम नपाएर हो कि सदनलाई वेवास्ता गरेर हो ५/१० लाखको पर्खालको शिलन्यास गर्न पुगे। के हाम्रो काम कर्तव्य यही हो त ? सभामुखज्यू, अन्त्यमा ऐन, कानून निर्माणको विषयलाई लिएर आज हामी यो सम्मानित सदनमा उभिएका छौं र बोल्दै छु र दायित्व र कर्तव्य पनि ठान्दछु तर यो विधेयक अब ऐन बन्छ। त्यो निश्चित छ तर म अनुरोध गर्छु हामी निर्माता हौं, हो त्यसैले यो ऐनहरुको पूर्ण पालना हामीबाट भए मात्रै सबैमा सहर्ष लागू हुन्छ भन्नेमा म विश्वास गर्छु तर हामी निर्माता हौं। कुनै बेला एउटा सिकर्मीले ऐन र कानूनको दायरामा रहेर हामीलाई प्रश्न गर्दा हामीलाई उसलाई उल्टै तिम्रो हिसाव किताव हुन्छ भनेर पाठ पढाउनुपर्छ तब हामीले यो निर्माण र मिहिनेत गरेको कहाँ पुग्छ? यदि हिसाब किताब भुल्नुभएको भए हाम्रो दुर्गम जिल्ला मुस्ताङ हो पठाइदिनुहोला। म त्यो निष्ट सुरक्षाकर्मीलाई स्वागत गर्न आतुर छु त्यसैले हामी सचेत रहे मात्रै यो निर्माणको औचित्य हुनेछ भन्दै बिदा लिन्छु धन्यबाद ...।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, आज हामी विधायन समितिमा सर्वसम्मत रुपमा छलफल भएर विभिन्न विधामा विभिन्न विज्ञहरुसँग छलफल गरेर केही परिमार्जन सहित यहाँ छलफलमा भाग लियौं। यो बालबालिका सम्बन्धी विधेयकमा ४ जना माननीयज्यूहरुले आफ्नो विचार राख्नुभयो। विचार राख्ने स्वतन्त्रता हामीले नै ल्याएका हौं। लोकतन्त्र, प्रजातन्त्र, संघीयता भनेको नै विचार राख्न पाइने स्वतन्त्रताको लागि ल्याएको यो हाम्रो उत्तम संस्था भएको हुनाले म सबै माननीयज्यूहरुले जति पनि कुराहरु राख्नुभयो मलाई लाग्छ त्यही स्वतन्त्रताभित्र भएर राख्नुभए जस्तो मलाई अनुभूति भइरहेको छ। विचार राख्दै गर्दा विद्धान माननीयज्यूहरुले भनेको कुरालाई पनि नजरअन्दाज गर्न सकिंदैन किनभने मान्छेले एउटै सोचाइ, एउटै पढाइ सबैको हुने भए त यो रङ, विरङ हुने नै थिएन होला भन्ने मलाई पूर्ण विश्वास छ। मैले धेरै कुराहरु यहाँ गर्नुपर्ने जस्तो लाग्दैन किनभने त्यहाँ विधायन समितिमा सभामुखज्यू हुनुहुन्थ्यो। धेरै सबै दलका माननीय साथीभाइहरु हुनुहुन्थ्यो। ब्यापक छलफलहरु गरिएको थियो भन्ने कुरा त अरु माननीयज्यूहरुको कुराले पनि आयो होला जस्तो मलाई लाग्छ। होला, म अलि अनपढ पढ्न जान्दिनँ होला, त्यसो भएको हुनाले उहाँ धेरै विद्धान पनि हुनुहुन्छ। उहाँले एउटै भाषालाई धेरैतिर घुमाउन जान्ने भएको हुनाले त्यो कुराहरुको व्याख्या आएको हुनुपर्छ भन्ने मलाई किन लाग्छ भने हाम्रो नेपाली समाज हो। हाम्रो नेपाली समाजमा सबै

बालबालिकाहरु अहिले एक्काइसौं शताब्दी हुँदा पनि आफै सक्षम भइसकेका छैनन् र सक्षम बनाउन कोसिस पनि गरिएको छैन। हामीले त्यसो भएको हुनाले यो विधेयकमा धेरै कुराहरु त्यस्ता कुरा ल्याइएको छ चाहे त्यो अपाङ्गता भएका बालबालिकाहरुको लागि होस् या गर्भमै रहँदा ऊ अपाङ्गता हुन नपरोस् त्यसको लागि कसरी त्यसलाई सहजीकरण गर्न सकिन्छ, सहयोग गर्न सकिन्छ ती बालबालिकाहरु जो यो समाजमा आफूलाई गर्वका साथ अगाडि बढ्नको लागि विभिन्न निकायबाट जानेर या नजानेर देखाएर या नदेखाएर त्यस्ता खालका प्रवृत्तिहरु आए, आउँदैछन् । दिनादुदिन त्यस्ता घटनाहरु भएका छन् घटना घटाइन्छ तर पारिवारिक प्रेसरमा, सामाजिक प्रेसरमा अन्य कुनै लोभ र लालचको भरमा त्यस्ता घटनाहरुलाई दवाइन्छ, निरुत्साहित बनाइन्छ । त्यसो भएको हुनाले यो गण्डकी प्रदेशको सरकारले चाहे त्यो विधेयकलाई ठूलो बनाउने नाममा या समय प्रकारन्तले त्यस्ता विषयवस्तुहरुलाई सम्बोधन गर्नुपर्ने जरुरीको आधारमा हामीहरुले त्यसलाई अलिकति ठूलो बनाएको हो कि। माननीयज्यूलाई कागज ठूलो बनाए, कागजमा खर्च गरे भन्ने चिन्ता हो भने कृपया गरेर त्यतातिर चिन्ता नलिऔं। केही पनि पाइनँ, अनुभूति गरें, धेरै पढें, पढ्दा पढ्दा थाकें, केही  केही त बोल्न पर्‍यो। आखिर केही न केही त बोल्न पर्‍यो। रोष्टममा आइसकेको छु। त्यसो भएको हुनाले झ्याप्पै बोल्दा कहिले कहिले त्यस्ता कुराहरु आउन सक्छन्। त्यसमा मैले चित्त दुखाएको छैन। सरकारले त्यस्तो कुरा, मन्त्रीले त्यस्तो कुरा, होला म भन्दा उहाँ उमेरले जेठो हुनुहोला । अनुभवले धेरै चोटि माननीय हुनुभयो होला। म भन्दा धेरै विद्यामा आर्जन गर्नुभयो होला तर म जनताप्रति उत्तरदायी छु। बालबालिकाहरुप्रति

दायित्वबोध गर्दछु र नेपाली बालबालिकाहरुलाई, प्रदेशका बालबालिकाहरुलाई कसरी सक्षम बनाउन सकिन्छ चाहे त्यो बाल क्लवबाट उनीहरुलाई प्रशिक्षित गर्दै ल्याएर होस्, जिल्ला बाल सञ्जाल गठन गरेर होस् या प्रदेशमा बालबालिका सम्बन्धी त्यस्ता धेरै विधेयकहरु, कानूनहरु र त्यस्ता खालका सहजीकरण गरेर हामीले प्रदेशलाई बालबालिकाहरुको संरक्षण गर्नको लागि धेरै काम गरेको जस्तो मलाई महसुस भएको छ किनभने म जब ८ महिना अगाडि यो मन्त्रालयमा बहाल भए अपाङ्गहरुको विषयमा, महिलाहरुको विषयमा विशेष गरेर बालबालिकाहरुलाई कसरी हामीले सक्षम बनाउन सकिन्छ, कसरी हामीले बालमैत्री बनाउन सकिन्छ, कसरी बालबालिकाहरुलाई शासनसँग अगाडि ल्याएर प्रत्यक्ष रुपमा शासित वर्गहरुसँग छलफलमा ल्याउन सकिन्छ । त्यसोभएर हामीले बालसरोकारलाई उठायौं। स्थानीय तहमा नै बाल क्लबहरु मार्फत् हामीले बालबालिकाहरुलाई नेतृत्व वर्गसँग छलफल गर्ने आफ्नो अधिकारलाई खोज्ने र बाल अधिकारको विषयमा छलफल गर्ने जस्ता कार्यहरु गर्‍यौं। त्यही भएको हुनाले त हामीले भन्यौं परिवारले, आफन्तले या शक्तिमा रहने साथीभाइहरुले जसले बालबालिकाहरुलाई अन्याय गर्छ तिनीहरुलाई अन्याय भएको छ भनेर कही छलफल गर्दा, बयान लिंदा, सोधपुछ गर्दा जसले अन्याय गरेको छ त्यसैको अगाडि उसले प्रष्ट रुपमा आफूलाई प्रस्तुत गर्न नसक्ने वातावरण पनि श्रृजना नहोस् किनभने जसले गल्ती गरेको छ ऊ आफ्नो अभिभावक छ उही आफ्नो दाता छ भने उसले खुलेर बोल्न नसकोस् भनेर त्यो वाक्यांश राखिएको हो माननीयज्यू। कमसेकम त्यसलाई अलि बढी मैले त जान्दिनँ। तपाईले अध्ययन गरेर मलाई सुझाव दिनुभयो। साँच्चै गल्ती भएको रहेछ भने

म स्वीकार्न तयार छु। यो संसारमा कोही भगवान जन्मिएको छैन। काम गर्दै जाँदा गल्ती हुन्छ । कमजोरीहरुलाई स्वीकार्नुपर्छ। त्यो स्वीकार्ने हाम्रो मानव हो र स्वीकारेर त्यसलाई अझै बढी परिष्कृत गरेर अझै बढी त्यसलाई सुधारेर हाम्रो बालबालिकाहरुलाई अधिकारबाट बञ्चित नहुने कुरामा म सचेत छु। चाहे त्यो क्याविनेटमा जाओस् चाहे त्यो संसदमा आओस् त्यस्ता कुराहरुमा हामीले छलफल गरेर अगाडि बढ्ने कुरा प्रतिवद्धता ब्यक्त गर्न चाहन्छु। माननीयज्यूहरुले धेरै कुराहरु उठाइसक्नुभएको छ । कार्यान्वयनमा समस्या हुन्छ कि भन्ने कुराहरु आएको छ। हामीले यो सबै हामीहरुकै संस्था हो। हामीहरुले नै बनाउने नीति नियम हो र त्यसलाई कार्यान्वयन गर्ने कार्यान्वयन स्थलमा पनि हामीहरु छौं र त्यो कार्यान्वयन गर्नका लागि नीति नियमहरु बनाउनुपर्ने ठाउँमा पनि हामीहरु छौं। त्यसको लागि हामीहरु सबै एकजुट हौं। त्यसको लागि कार्यान्वयन गर्नको लागि हामी सबै अग्रसर हौं। गण्डकी प्रदेशको सरकार त्यसको लागि आवश्यक पर्ने सहयोग साथ लिएर तपाईहरुले भनेका सुझावहरुलाई हृदयङ्गम गरेर त्यसलाई गण्डकी प्रदेशको सरकारले अगाडि बढ्नको लागि तयार छ। माननीयज्यूहरुले जसरी यो विधेयक बनाउने सिलसिलामा विज्ञहरुलाई राखेर छलफल गराउने क्रममा, विधायन समितिमा छलफल गराउँदा माननीय सभामुख, उपसभामुख सचिवज्यूहरु र जसरी विज्ञ टोली र माननीय सदस्यहरुको महत्त्वपूर्ण उपस्थिति भएर यो विधेयकलाई यहाँ सम्म ल्याउन सहयोग गर्नुभयो त्यसको लागि व्यक्तिगततर्फ र मन्त्रालयको तर्फबाट धेरै धेरै धन्यबाद एवम् आभार व्यक्त गर्दै तपाईहरुको साथमा सधैं रहेर तपाईहरुको

सुझावलाई सधैं मनन गरेर अगाडि बढ्ने कुरामा प्रतिवद्धता व्यक्त गर्दै बिदा हुन्छु धन्यवाद, जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्यहरु, यो छलफल यहिं समाप्त हुन्छ। माननीय सदस्यहरु, अब म, "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" का सम्बन्धमा बिधायन समितिको क्रमसंख्या १ देखि २४ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि २४ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि २४ सम्म उल्लेखित संशोधन "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो  प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि २४ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म, विधेयकको दफा १ देखि ५० सम्म "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो  प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको को दफा १ देखि ५० सम्म सर्वसम्मतिले "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

<u>प्रस्तावना:</u> बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्दै तिनीहरुको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक एवम् भावनात्मक विकासका साथै सर्वोत्तम

हितका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम “प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

अब म, विधेयकको प्रस्तावना र नाम "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म शिक्षा, संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्युको अनुमतिले सम्मानित सभामा २०७८ भाद्र २९ गते प्रस्तुत भई बिधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित **"गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको**

**विधेयक"** प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली, २०७४ को ११२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

मेखलाल श्रेष्ठ

मितिः- २०७८/१२/०७

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री

धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ " गण्डकी प्रदेशमा बालाबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म सार्वजनिक लेखा समितिका माननीय सभापति रोशन बहादुर गाहा थापालाई सो समितिको आर्थिक बर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय रोशन बहादुर गाहा थापा**

माननीय सभामुखज्यू, संविधानको धारा १९३ वमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश

सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा सरसल्लाह दिन समेतका लागि गण्डकी प्रदेश र प्रदेश सभा नियमावली २०७४ को नियमावली १७६ बमोजिम गठन भएको र विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति एक महत्त्वपूर्ण समिति हो। राज्यकोषको खर्च नियमावली र कानून बमोजिम होस् भनी त्यसको सुनिश्चित गर्नु सरकारी कोषको प्रभावकारी मितव्यितापूर्वक खर्च भए नभएको जाँचपतल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। साथै संविधानको धारा २९४ (३) र प्रदेश सभा नियमावलीको १५१ (४) ले महालेखापरीक्षकको प्रतिवेदन अध्ययन गरी प्रदेश सरकार र मातहतमा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने दायित्व पनि सार्वजनिक लेखा समितिको रहेको छ। माननीय सभामुखज्यू, सार्वजनिक लेखा समितिको सम्पादन गर्नुपर्ने कामकारवाहीलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा सञ्चालन गर्न बाञ्छनीय भएकोले गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १५१ को उपनियम ५ ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक लेखा समितिले तर्जुमा गरी जारी गरेको सार्वजनिक लेखा समितिको कार्यविधि २०७५ बमोजिम आर्थिक वर्ष २०७६/०७७ साउनदेखि आर्थिक वर्ष २०७७/०७८ असार मसान्त सम्मको कूल बैठक संख्या १४ वटा र भिडियो कन्फ्रेन्स १ सम्पन्न भएको छ। यस अवधिमा सम्पन्न भएका बैठकहरुको निर्णय अनुसार क्रमशः प्रदेश अन्तर्गतका ११ वटै जिल्लामा सुशासन सम्बन्धी अन्तरक्रिया, कृषि अनुदान सम्बन्धी स्थलगत अनुगमन, भ्रमण सम्पन्न गरिएको छ र २०७४/०७५ को म.ले.प. प्रतिवेदन सम्बन्धमा म.ले.प.को छोटो सहित छलफल सम्पन्न भएको र प्रदेश सरकार मन्त्रीपरिषद्का सदस्यहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने कार्य सम्बन्धी जानकारी माग गर्ने निर्णय भएको र गण्डकी काउ फार्म रिसर्च प्राइभेट लिमिटेडसँग गण्डकी प्रदेश सरकारले शेयर खरिद बापत ११ करोड प्रदान गर्ने गरी भएको निर्णय बारे यथार्थ जानकारी माग गर्ने निर्णय भई प्राप्त भएको प्रदेश सरकारद्वारा दिइने कृषि अनुदान सम्बन्धी सम्बन्धित मन्त्रालयका मन्त्रीज्यू लगायतका अन्य विज्ञ समेतको संलग्नतामा अन्तर्क्रिया सम्पन्न गरी यो सम्बन्धमा निर्दिष्ट गरिएको र आर्थिक वर्ष ०७७/०७८ को बजेटका लागि आर्थिक मामिला तथा योजना मन्त्रीलाई समेतका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालयबाट र प्रदेश नीति तथा आयोजनासँग छलफल र अन्तर्क्रिया गरी सुझाब दिएको एवम् लकडाउनको समयमा २०७७ वैशाख १८ गते यूएनडिपिको सहकार्यमा भिडियो कन्फ्रेन्स माननीय सभापतिज्यूहरुसँग सात वटै प्रदेश सभाको

सार्वजनिक लेखा समितिको सभापतिहरुको बैठकको एजेन्डा -१ परिचय समेत समिति गठन, कार्यक्षेत्र र उपलब्धि र साझा हितका विषय र चुनौती र वर्तमान अवस्थामा कोभिड -१९ बिरुद्ध समितिले खेल्नुपर्ने सम्भावित भूमिका र समापन प्रस्तुत गर्दै आयोजना गरिएको भिडियो कन्फ्रेन्स छलफल गरेर १० बुँदे निष्कर्षलाई आवश्यकता अनुसार सात वटै प्रदेश सभाका सार्वजनिक लेखा समितिका सभापति, सात वटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कोभिड सम्बन्धी व्यवस्थाका लागि बनेको उच्चस्तरीय समितिको संयोजक संसदीय दलको पत्रकारहरुलाई समेत इमेल मार्फत् जानकारी गराइएको छ। महत्त्वपूर्ण लागेका जनगुनासोको रुपमा पटक पटक विभिन्न पत्रपत्रिकामा आइरहेको कुरालाई सम्बोधन गर्न नितान्त आवश्यक महसुस पछि निम्न अनुसार आवश्यकता अनुसार बैठक बस्ने गरिएको छ। उल्लेखित काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्बन्धित मन्त्रालय तथा निर्देशनालय आयोग र प्रतिनिधि आवश्यक परे तत् तत् विज्ञहरुसँग समेत छलफल गर्न सक्ने र आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेबारी सुव्यवस्थित ढंगले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने कुनै विशेष अवस्थामा उपसमिति गठन गरी यस उपसमितिले सुम्पेको कार्य पूरा गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने विशेष अवस्थामा विशेष बैठक बस्ने समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन वार्षिक पेश गर्नु अगावै र यो प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्था सार्वजनिक लेखा समितिको कार्यविधि २०७५ मा रहेको छन् र सोही अनुसार हाल सम्म यस समितिको काम कारवाही हुँदै आएको छ।

माननीय सभामुखज्यू, मिनि पार्लियामेन्टको रुपमा चिनिने प्रदेश सभामा गठित समितिको क्रियाकलाप, कार्यकुशलता, प्रभावकारिता प्रदेश सभाको अस्तित्व, गरिमा र मर्यादा कायम गर्न सघाउ पुर्‍याउँछ। समितिको क्रियाकलाप जति सशक्त हुन्छ त्यति सरकार र सदन जनताप्रति उत्तरदायी जवाफदेही बनाउन बल पुग्छ। अन्त्यमा सार्वजनिक लेखा समितिको सभापति भई यस प्रतिवेदनलाई सम्मानित प्रदेश सभा समक्ष पेश गर्न पाउँदा ज्यादै हर्षित अनुभूति गरिराखेको छु। यसका लागि अभिभावकत्व प्रदान गर्नुहुने माननीय सभामुखज्यू तथा माननीय उपसभामुखज्यू प्रति आभार प्रकट गर्दछु। समितिका माननीय सदस्यज्यूहरु, प्रदेश सभा सचिव, समितिका सचिव र अधिकृत कर्मचारीहरु र मर्यादापालक, सुरक्षाकर्मीप्रति

धन्यबाद ज्ञापन गर्दछु। माननीय सभामुखज्यू, गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको २०७४ नियम १५१ को उपनियम (७) बमोजिम प्रदेश सभा समक्ष यो प्रतिवेदन प्रस्तुत गर्दछु।

माननीय रोशन बहादुर गाहा थापा

सभापति

सार्वजनिक लेखा समिति

धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब मिति २०७७ साल माघ ६ गते प्रदेश सभाबाट सर्वसम्मत रुपले पारित भएको संकल्प प्रस्तावमा उल्लेखित कोभिड-१९ संक्रमण, रोकथाम, नियन्त्रण, व्यवस्थापन, उपचार व्यवस्था र नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनको अवस्थाको सम्बन्धमा अनुगमन र निरिक्षणका लागि गठन भएको कोभिड-१९ संयुक्त संसदीय अनुगमन समितिको अनुगमन प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका संयोजक माननीय मित्र कुमारी गुरुङ सुवेदीलाई अनुमति दिन्छु ।

## माननीय मित्रकुमारी गुरुङ सुवेदी

माननीय सभामुखज्यू, विश्वव्यापी रुपमा फैलिएको कोरोना-१९ रोगको सम्बन्धमा मिति २०७७ साल पुस २४ गते गण्डकी प्रदेश सभा सचिवालयमा दर्ता भई मिति २०७७ माघ ६ गते प्रदेश सभाबाट समेत सर्वसम्मत रुपले पारित भएको संकल्प प्रस्तावमा उल्लेखित गण्डकी प्रदेश कोरोना-१९ रोगको अनुगमन, निरीक्षण एवम् सहजीकरण समेत गर्ने गरी गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियमावली १५२ को उपनियम (१) बमोजिम गठित संयुक्त संसदीय अनुगमन समितिको प्रतिवेदन सम्बन्धित प्रदेश सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अति नै खुसी लागेको छ।

**अनुगमन समितिः-**

मानननीय मित्र कुमारी गुरुङ्ग, सुवेदी - अध्यक्ष
माननीय आशा कोईराला - सदस्य
माननीय खिम बिक्रम शाही - सदस्य
माननीय चन्द्र बहादुर बुढा - सदस्य
माननीय धनमाया पोखरेल, लामा - सदस्य
माननीय मणिभद्र शर्मा - सदस्य
माननीय मायानाथ अधिकारी - सदस्य
माननीय रोशन बहादुर गाहा थापा - सदस्य
माननीय सरिता गुरुङ्ग -सदस्य
श्री हरिराज पोखरेल - समिति सचिव (गण्डकी प्रदेश सभा सचिवालय सचिव)

यस समितिको बैठक २०७७ माघ २०, गते माघ २६ गते, फागुन ५ गते, चैत्र १० गते, चैत २५ गते, २०७८ साल पुस ८ गते, फागुन २७ गते गरी जम्मा ७ पटक बसेको थियो। यस समितिको बैठकको निर्णय अनुसार तपशिल अनुसारका जिल्लाका तपशिल अनुसारका स्वास्थ्य संस्थाहरुमा अनुगमन गरिएको थियो।

पर्वत अस्पताल - पर्वत
वागलुङ अस्पताल - बागलुङ
बुर्दिबाङ धार्मिक स्वास्थ्य केन्द्र - बागलुङ
बेनी अस्पताल - म्याग्दी
जोमसोम अस्पताल - मुस्ताङ
लमजुङ अस्पताल - लमजुङ र
मनाङ अस्पताल - मनाङ

**प्राप्त सल्लाह र सुझाव तथा समस्याहरुः**

माननीय सभामुखज्यू, अब म कोभिड - १९ रोगको अनुगमन निरिक्षणका क्रममा हामीलाई प्राप्त सल्लाह सुझाब र स्वास्थ्य संस्थाका समस्याहरु सम्बन्धी सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

- गुणस्तरीय स्वास्थ्य सेवाको प्रबन्ध गरी सबै तहमा सर्वसुलभ सेवा प्रवन्धको पहुँच पु-याउन नसकिएकोले जनताले अपेक्षा गरे अनुरुप गुणस्तरीय सेवाको पहुँच र एकरुपता कायम गर्न नसक्नु ।
- अस्पताल सेवामुलक तथा जनस्वास्थ्यप्रति उत्तरदायित्व सेवा तथा जनशक्ति विकास गर्न नसक्नु।
- स्वास्थ्य सेवामा लगानी अनुसारको प्राप्तिफल प्राप्त नहुनु।
- सरकारी स्वास्थ्य संस्थामा आवश्यक अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकहरुको अभाव हुनु।
- सर्ने तथा नसर्ने रोगहरु कुपोषण, दुर्घटना तथा विपद् जस्ता स्वास्थ्य समस्या विद्यमान हुनु।
- जनताको खानपान तथा जीवनशैलीमा आएका परिवर्तनले सर्ने तथा नसर्ने रोगहरुको भार तथा मानसिक तथा शारीरिक विधि स्वास्थ्य समस्याहरु बढ्दै जानु हाम्रो प्रमुख समस्या हुन्।

विश्वव्यापिकरण तथा वैदेशिक रोजगारीका कारण विभिन्न रोगहरु एउटा भूगोलबाट अर्को स्थानमा पुग्न सामान्य हुँदै गएको अवस्थाले गर्दा हामी नेपालीहरु पनि विभिन्न संक्रमणका रोगहरुबाट ग्रसित र पीडित हुँदै आइरहेको अवस्था छ। कोभिड - १९ संक्रमण रोकथाम, नियन्त्रण, व्यवस्थापन उपचार व्यवस्थापन र नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयनको अवस्था, अनुगमन निरिक्षण एवम् सहजीकरण समेत गर्ने गरी हामीलाई तोकिएको जिम्मेवारी देशभरि फैलिएको कोभिड संक्रमण बन्दाबन्दी तथा विविध असहज स्थितिका कार्यान्वयन सम्पूर्ण रुपमा सम्पन्न गर्न नसकिएतापनि यथासम्भव कुरा गरी सम्बन्धित सभा समक्ष यो प्रतिवेदन प्रस्तुत गरिएको छ। अनुगमन निरीक्षणका क्रममा हामीलाई प्राप्त सल्लाह सुझाव र स्वास्थ्य संस्थाका समस्याहरु तपशिल अनुसार रहेको पाइयोः

- बुर्तीबाङ्ग प्रार्थमिक स्वास्थ्य केन्द्रले बाग्लुङ्ग जिल्लाको पश्चिमी क्षेत्रका धेरै जनताहरुको स्वास्थ्य उपचार गर्नुपर्ने अवस्था देखिएको, स्वास्थ्यकर्मीको कमी भएको र त्यस

स्वास्थ्य केन्द्रमा चिकित्सक लगायत थप जनस्वास्थ्यकर्मीहरुको व्यबस्था गर्नुपर्ने अवस्था रहेको छ।

- बेनी अस्पतालको नयाँ भवन बन्दै गरेको तर ठेकेदारको लापरबाहीले अहिले सम्म सम्पन्न हुन नसकेको अवस्था रहेकोछ। अप्रेशन गरेको बिरामीलाई अन्य वार्डमा सार्नुपर्ने अवस्थामा अप्ठ्यारो हुने गरेको जानकारी प्राप्त भयो।
- जोमसोम अस्पतालको भौतिक संरचना अति नै जिर्ण भएको कारणले नयाँ सुबिधा सम्पन्न भवन निर्माण गरिनुपर्ने अवस्था रहेको छ।
- जिल्लामा कोरोनाको उपचारका लागि राजनीतिकर्मी, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, समाजसेवी र सबै प्रकारका राष्ट्रसेवक कर्मचारीहरुबाट पूर्ण रुपमा सहयोग भएको पाइयो।
- सबै जिल्ला अस्पतालहरुमा अक्सिजन प्लान्ट निर्माण हुन सके कोरोना लगायत अन्य बिरामीहरुको स्वास्थ्य उपचार गर्न थप सहज हुनेछ।
- कोरोना-१९ का शंकास्पद व्यक्तिहरुलाई आइसोलेशनमा राख्दा लागेको खर्च भुक्तानी गर्न समस्या भएकोले सम्बन्धितले सो खर्च भुक्तानीका लागि व्यवस्था मिलाइदिनुपर्ने अवस्था छ।
- आइसोलेसनमा राख्दा क्याम्पस लगायतका ठाउँहरुमा भौतिक संरचना क्षति हुन गएकोले सो को मर्मत गरिदिनुपर्ने देखिन्छ।
- अस्पतालमा डाक्टर लगायतका जनशक्ति अपुग भएकाले आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्ने देखिन्छ।
- अस्पतालमा स्वास्थ्य सामग्री कम भएकाले स्वास्थ्य सामग्री थप गर्न पहल गरिदिनुपर्नेछ।
- कोभिड-१९ )कोभिसिल्ड (खोप कमी भएकोले तोकिएका सबै जनतालाई खोप दिन नसकिएको रहेछ।
- अस्पतालमा विज्ञ डाक्टरको ब्यबस्था गरिदिनुपर्ने माग भएको छ।
- आइसुलेसन सञ्चालनमा तालिम प्राप्त नर्स र डाक्टरको अभाव रहेकोले सो को व्यवस्था हुनुपर्ने।

- कोरोना जोखिम भत्ता र नर्सको तलब समेत सम्बन्धित स्वास्थ्यकर्मीले नपाएको हुँदा सो को व्यबस्था हुनुपर्ने।
- धेरै स्वास्थ्य संस्थाहरुमा थप एम्बुलेन्सको ब्यबस्था गरिनुपर्ने अवस्था छ।
- ल्याबको समस्याले गर्दा स्वाब परीक्षण गर्न कठिनाइ रहेकोले ल्याव निर्माण गरी प्राविधिक कर्मचारीको व्यबस्था गरिनुपर्ने।
- बिरामीहरुको अत्यधिक चाप रहेको लमजुङ्ग अस्पतालको हालको भौतिक संरचनाले आवश्यक सेवा दिन कठिनाई देखिएको हुँदा सेवा सुबिधायुक्त ,श्रोत साधन सम्पन्न आधुनिक संरचना निर्माण गर्नुपर्ने देखिन्छ।
- प्राविधिक जनशक्तिको अभावमा सरकारबाट अस्पतालहरुलाई उपलब्ध गराइएको भेन्टिलेटर जस्ता उपकरणहरुको समुचित उपयोग हुन नसकेको पाइयो।
- पर्वत अस्पताल र बाग्लुङ्ग अस्पतालको नयाँ भवन बन्दै गरेकोले उक्त अस्पताल निर्माण गर्न सरकारले थप सहयोग गर्नुपर्ने देखिन्छ।

माननीय सभामुखज्यू, मिति २०७७ साल माघ ६ गते गण्डकी प्रदेश सभाबाट सर्वसम्मत रुपले पारित भएको संकल्प प्रस्ताव उल्लेखित यस गण्डकी प्रदेश भरिकै कोभिड-१९ संक्रमण रोगको अनुगमन, निरिक्षण एवं सहजीकरण समेत गरि यस प्रदेशका जनताहरुको स्वास्थ्य अवस्थामा सुधार र स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्ने समितिको उद्धेश्य निकै फलदायी भएको अनुभुति भयो। अध्ययन, अनुगमनका क्रममा विभिन्न अस्पताल, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुबाट प्राप्त गुनासा, सल्लाह, सुझावहरुलाई मनन गरी गण्डकी प्रदेश सरकारले जनताको स्वास्थ्य सम्बन्धी मौलिक हक अनुसार स्वास्थ्य क्षेत्रमा आवश्यक सुधारका प्रयासहरु अझै प्रभावकारी बनाउनु पर्ने देखिन्छ। अन्त्यमा, यस समितिको उद्देश्य अनुरुप कार्यसम्पादनको क्रममा विभिन्न तरिकाबाट समितिलाई सहयोग पुऱ्याउने गण्डकी प्रदेशका माननीय सभामुखज्यू, उपसभामुखज्यू, समितिका सदस्यज्यूहरु, गण्डकी प्रदेश सभाका माननीय सदस्यज्यूहरु, राजनीतिक दलहरु, स्वास्थ्यकर्मीज्यूहरु, प्रदेश सभा सचिवालयका सचिवज्यू लगायत सबै कर्मचारी, पत्रकार र

सम्बन्धित सबैलाई हार्दिक धन्यबाद दिँदै कोभिड- १९ संयुक्त संसदीय अनुगमन समितिद्वारा तयार गरिएको प्रतिवेदन सम्मानित गण्डकी प्रदेश सभा समक्ष प्रस्तुत गर्न चाहन्छु धन्यवाद ।

मित्र कुमारी गुरुङ, सुवेदी

(संयोजक)

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७८ साल चैत्र ८ गते दिनको १:०० बजे सम्मको लागि स्थगित हुन्छ।